# प्यूठान नगरपालिका

## प्यूठान नगर राजपत्र

खण्ड १ भाग १ संख्या ३५ प्यूठान नगरपालिकाद्वारा प्रकाशित मिति: २०७७/४/३१


# प्यूठान नगरपालिकाको सुत्केरी सँग नगरपालिका कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

**प्रस्तावना:**

स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम यस प्यूठान नगर पालिकामा रहेका सुत्केरीको सुरक्षा एवं स्वास्थ्य सेवामा प्रभावकारीत्ता वृदि गराउने उदेश्यले प्यूठान नगरपालिकाले सुत्केरी सग नगरपालिका कार्यक्रम संचालन कार्यविधि, २०७७, जारी गरिएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:

(क) यस कार्यविधिको नाम "प्यूठान नगरपालिकाको सुत्केरी सग नगरपालिका कार्यक्रम संचालन कार्यविधि, २०७७" रहेकोछ ।

(ख) यो कार्यविधि नगर कार्यपालिकाको बैठकवाट स्विकृत भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "अनुगमन समिति" भन्नाले नगरपालिकाले गठन गर्ने दफा

५ बमोजिमको समिति सम्झनु पर्छ।

(ख) "सिफारिस" भन्नाले सम्बन्धित वडाको वडा अध्यक्षले हस्ताक्षर गरेको सिफारिस पत्र सम्झनु पर्छ।

(ग) "नगरपालिका" भन्नाले प्यूठान नगरपालिका सम्झनुपर्छ ।

(घ) "संस्था" भन्नाले यस नगरपालिकाको क्षेत्र भित्र कार्यालय रहेका विधिवत स्थापना भएका स्वास्थ्य संस्थाहरू सम्झनु पर्छ।

## परिच्छेद २
## रकम व्यवस्थापन र भुक्तानी

३. रकम व्यवस्थापनः

नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरे बमोजिम यस कार्यमा हुन सक्ने वार्षिक खर्च रकम अनुमान गरी वार्षिक रुपमा विनियोजन गरी रकमको व्यवस्थापन गर्ने छ ।

तर,

वार्षिक रुपमा अनुमान गरी विनियोजन गरिएको रकम वर्ष समाप्ती नहुदै भुक्तानी गर्दा रकम नपुग भएमा अन्य शिर्षकमा विनियोजन भएको बचत हुने रकमबाट यो शिर्षकमा रकमान्तर गर्न नगर कार्यपालिकालाई वाधा पर्ने छैन ।

४.भुक्तानी प्रकृया:

यस नगरपालिकामा स्थायी बसोबास गर्ने सुत्केरी महिलाका लागि मात्र खर्च गर्न पाउने गरी निम्नानुसार नगरपालिकाबाट सुत्केरी सग नगर पालिका कार्यक्रम संचालनको लागी रकम निकासा एवं भुक्तानी दिईने छ।

(क) यसै नगरपिलकामा स्थाइ बसोबास भएका सुत्केरी यसै नगर पालिकाको स्वास्थ्य संस्थामा वा अन्य स्वास्थ्य संस्थामा सुत्केरी भए पश्चात निजहरू प्रत्येकलाइ व्यक्तिगत सरसफाइ र पोषण सामग्री सहितको अनुसुची १ मा उल्लेखित





सेट स्वास्थ्य सेवा कोसेली उपहारको रूपमा कार्यपालिकाको प्रतिनिधि सहित सम्वन्धित स्वास्थ्य संस्थाबाट उपलब्ध गराइनेछ ।

(ख) कोशेलीको लागी अवश्यक संख्याको व्यबस्था तथा प्रतिवेदन स्वास्थ्य शाखाले मिलाउनु पर्ने छ ।

(ग) उपदफा (क) र (ख) का लागी आवश्यक सामग्रीको खरिद नियमानुसार गरी कार्यालयबाट उपलब्ध गराइनेछ ।

(घ) यदि कुनै कुरामा थपघट गर्नु पर्ने अवस्था आएमा नगर कार्यपालिकाले गरेको निर्णय नै अन्तिम हुने छ ।

## परिच्छेद ३
## समितिहरूको गठन

४. सेवा उपलब्ध गराउने तथा अभिलेख राख्ने समिति

दफा (३) वमोजिमको प्यूठान नगरपालिकाको सुत्केरी सग नगर पालिका कार्यक्रम कार्यान्वयन गर्न गराउन पहलकदमी लिन, रकमको व्यवस्थापन गर्न, रकम निकासा एवं भुक्तानी दिन र अभिलेख दुरुस्त र राखि लेखापरिक्षण समेत गर्न गराउन देहाय वमोजिमको समिति हुनेछ । यस समितिको वैठक आवश्यकता अनुसार वस्नेछ ।

(क) नगरपालिकाको प्रमुख -अध्यक्ष

(ख) जिन्सी उप शाखा प्रमुख -सदस्य

(ग) स्वास्थ्य शाखा प्रमुख -सदस्य सचिव

## परिच्छेद ४
## विविध

५. बाधा अड्काउ फुकाउने अधिकारः

यस कार्यविधिको कार्यान्वयनमा कुनै समस्या आइ परेमा नगर कार्यपालिकाको बैठकबाट निर्णय गरी बाधा अड्काउ फुकाउ गर्न सकिनेछ ।

## अनुसुची १

कोशेली सामागीहरु

१ साबुन नुहाउने १ धुने १ र बेबिशोप १ थान
२ मञ्जन १ थान
३ बुरुस १ थान
४ दसमुलारिस्ट १ बोतल
५ हरलिक्स १/२ किलोग्राम
६ अण्डा १ क्यारेट अर्थात ३० वटा
७ सेनिटरी प्याड १० थान
८ नङकट १ थान
९ काइयो १ थान

प्यूठान नगरपालिका

आज्ञाले
यज्ञ व. वुढा
२०७७/४/३१